नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं

पत्र संख्या: २०७५।७६ मिति: २०७६।०२।१२

चलानी नं. ८०५

**विषय: स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) लागू गर्ने सम्बन्धमा**

श्री स्थानीय तहहरु (सबै) ।

महालेखा नियन्त्रक कार्यालय, कोष प्रशासन शाखाको पत्र संख्या २०७५।०७६(४.१) च.नं. ३६७ मिति २०७६।१।२५ को पत्रबाट स्थानीय तहको बजेट तर्जुमा, लेखांकन र प्रतिवेदन गर्ने प्रयोजनका लागि तयार गरिएको सफ्टवेयर **स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली** (SuTRA) लागू गर्ने सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६।१।१७ को निर्णय कार्यान्वयका लागि लेखी आएको छ । उक्त प्रणाली लागू गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(५) र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३२ बमोजिमको विवरण पठाउन सहज हुने देखिन्छ । यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८० मा मन्त्रालयले स्थानीय तहको आर्थिक कार्यप्रणाली र प्रशासनिक काम कारबाहीमा एकरुपता कायम गर्न तथा पारदर्शिता र जवाफदेहिता प्रबर्द्धन गर्न त्यस्तो क्षेत्रमा गर्नुपर्ने सूचना प्रविधिको ढाँचा तोक्न सक्नेछ भन्ने व्यवस्था रहेको छ । यस सन्दर्भमा सबै स्थानीय तहबाट तपसील बमोजिम स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) लागू गर्नु गराउनु हुन लेखी पठाउने नेपाल सरकार (सचिवस्तर) को मिति २०७६।२।१२ को निर्णयानुसार अनुरोध छ ।

**तपसील**

१ स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) लागू गर्न बाँकी रहेका सबै स्थानीय तहले आ.व. २०७६।०७७ देखि बजेट तयारी, लेखांकन तथा प्रतिवेदन जस्ता कार्य SuTRA मार्फत गर्ने व्यवस्था मिलाउने ।

२ स्थानीय तहमा SuTRA लागू गरी सञ्चालनमा ल्याउन महालेखा नियन्त्रक कार्यालय कोष प्रशासन शाखाले प्राविधिक सहयोग उपलब्ध गराउने व्यवस्था मिलाउने ।

३ स्थानीय तह र महालेखा नियन्त्रक कार्यालय बीचको सम्पर्क, समन्वय र सहजीकरणको कार्य मन्त्रालयको आर्थिक प्रशासन शाखाबाट गर्ने व्यवस्था मिलाउने ।

केशवराज पाध्ये
शाखा अधिकृत

**बोधार्थ:**

श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।

श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर ।

श्री प्राकृतिक श्रोत तथा वित्तीय आयोगको सचिवालय, सिंहदरबार, काठमाडौं ।

श्री आर्थिक प्रशासन शाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।

श्री सूचना प्रविधि शाखा: यस पत्रलाई मन्त्रालयको web site मा upload गरिदिनुहुन अनुरोध छ ।